पाणिनी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक आज मिति २०८१/०६/२१ गते बिहान १:०० बजे गाउँपालिकाका अध्यक्ष श्री टेकराज न्यौपाने ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बैठक बसी तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिति:

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेकराज न्यौपाने | अध्यक्ष | |
| २ | श्री नर्मदा पौडेल गौतम | सदस्य | |
| ३ | श्री कमल प्रसाद पोखेल | सदस्य | |
| ४ | श्री चन्द्रकान्त पौडेल | सदस्य | |
| ५ | श्री हरि प्रसाद वंजाडे | सदस्य (का.वा.) | |
| ६ | श्री हरि प्रसाद घिमिरे | सदस्य | |
| ७ | श्री इन्द्रमणी घिमिरे | सदस्य | |
| ८ | श्री कृष्णप्रसाद पौडेल | सदस्य | |
| ९ | श्री गुनाखर अधिकारी | सदस्य | |
| १० | श्री रोम बहादुर पाण्डे क्षेत्री | सदस्य | |
| ११ | श्री शान्ता गौतम | सदस्य | |
| १२ | श्री लक्ष्मी सुनाखरी | सदस्य | |
| १३ | श्री तारा पौडेल | सदस्य | |
| १४ | श्री राधा घिमिरे | सदस्य | राधा |
| १५ | श्री मान बहादुर वि.क | सदस्य | |
| १६ | श्री विन्दु परियार | सदस्य | |
| १७ | श्री रोमनाथ न्यौपाने | सचिव | |
| | अन्य उपस्थिति | | |
| १ | रामचन्द चुदाली | आलेप | |
| २ | कमल प्रसाद न्यौपाने | प्रशासन शाखा प्रमुख | |
| ३. | तेज बहादुर खत्री | शिक्षा अधिकृत | |
| ४. | हुमकला वि.क | वडा सदस्य | हुमकला |

प्रस्तावहरुः

१. शिक्षा समिति गठन सम्बन्धमा ।

२. वडा कार्यालयको प्रशासकीय भवन निर्माण सम्बन्धमा ।

३. IEE प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

**निर्णय नं.१**

पाणिनी गाउँ पालिकाको गाउँ शिक्षा समिति गठन गर्ने प्रयोजनको लागि शिक्षा ऐन, २०२८ को दफा ११ ट (क) बमोजिम गाउँपालिकाका अध्यक्ष श्री टेकराज न्यौपाने ज्यूको अध्यक्षतामा देहाय अनुसारको गाउँ शिक्षा समिति गठन गर्ने निर्णय गरियो ।

पाणिनी गाउँ पालिकाको गाउँ शिक्षा समिति गठन गर्ने प्रयोजनको लागि शिक्षा ऐन, २०२८ को दफा ११ ट (१ख) बमोजिम गाउँपालिकाको सदस्य मध्येबाट देहायका व्यक्तिहरुलाई छनोट गर्ने निर्णय गरियो ।

१. श्री नर्मदा गौतम पौडेल

२. श्री कमल प्रसाद पोख्रेल

ऐनको दफा ११ 'ट' १(ग) वमोजिम श्री शिवमदन माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष श्री तुल्सिराम पौडेललाई जिल्ला शिक्षा समितिमा मनोनित गर्नका लागि अनुरोध गर्ने निर्णय गरियो ।

ऐनको दफा ११ 'ट' १(घ) वमोजिम देहायका स्थानीय समाजसेवी वा शिक्षा प्रेमी मध्येबाट तपसिलका व्यक्तिहरुलाई मनोनित गर्न शिक्षा समितिलाई सुझाव प्रदान गरियो ।

१. लोक बहादुर विश्वकर्मा - पाणिनी २

२. लक्ष्मि गौतम - पाणिनी ३

३. ईश्वरा के.सी. - पाणिनी ५

ऐनको दफा ११ 'ट' १(ङ) वमोजिम देहायका प्रधानध्यापकहरुलाई मनोनित गर्ने निर्णय गरियो ।

१. श्री शालिकराम बेल्वासे- श्री जनसेवा माध्यमिक विद्यालय

२. श्री कमला पोख्रेल – श्री सत्यटारी आधारभुत विद्यालय

ऐनको दफा ११ 'ट' १(छ) वमोजिम सदस्य सचिवको रुपमा शिक्षा युवा तथा खेलकुद शाख प्रमुख रहने निर्णय गरियो ।

**निर्णय नं.२**

गाउँपालिकाका भित्र जिर्ण रहेका वडा कार्यालयहरुको प्रशासकीय भवन निर्माण गर्न वडा कार्यालयहरुले वडा सिलिङ्ग बाट वार्षिक वा वहुवर्षिय योजनाको रुपमा रु २० लाख रकम विनियोजन गरेमा बाकी लागत अनुमान बमोजिमको रकम गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो । साथै २ नं वडा कार्यालय जिर्ण भई वडाको प्रशासनीक काम गर्न असहज भएकोले वडा कार्यालयलाई अस्थायी रुपमा अन्यन्त्र सारी वडा कार्यालयको कामकाज गर्न आवश्यक सहजिकरण तथा समन्वय गर्ने तथा जीर्ण २ नं. वडा कार्यालय लिलाम बढाबढ गर्ने र ड्रइङग डिजाईन गरी निर्माण कार्य अगाडी बढाउने र सोको लागि वडाको सिलिङ्ग तथा कार्यक्रमबाट यस आ.व. मा रु १० लाख र गा.पा. बाट बजेट थप गरी दुई वर्षे ठेक्का प्रकृया अगाडी बढाउने र आगामी आ.व. २०८२/०८३ मा वडाको सिलिङ्गबाट रु १० लाख र बाकी रकम गाउँपालिका वा संघीय / प्रदेश को बजेट व्यवस्थापन गरी सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

पाणिनी गाँउपालिकाको वडा नं. ८ मा रहेको व्यक्तिगत जग्गाबाट साधारण निर्माणमुखी ढुङ्गा, माटो र ग्रावेल ( खानीजन्य पदार्थ ) उत्खनन गर्न राजेश्वरी कन्स्ट्रक्सन् पा.लि. गुल्मीले सम्बन्धित क्षेत्रका वातावरण विज्ञ, इन्जिनियर र प्रस्तावक सहितको यस कार्यालयमा पेश गरेको संशोधन सहितको IEE (प्रारम्भिक वातावरणीय परिक्षण) प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो। साथै उक्त उत्खनन् कार्यको राजश्व तिन किस्तामा संकलन गर्ने निर्णय गरियो।

CamScanner